# पोखरा महानगरपालिका
## नगरकार्यपालिकाको कार्यालय

न्युरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

फोन नं ५२११०५, ५०२
फ्याक्स: ५२०६००


पत्र संख्या: ०७७/७८
चलानी नं. २६६५

मिति : २०७७।०५।१६

श्री वडा कार्यालय
वडा नं. १ देखी ३३ सवै
पोखरा महानगरपालिका

**विषय : नामावली र विवरण उपलब्ध सम्बन्धमा ।**

प्रस्तुत विषयमा भूमि सम्बन्धी समस्या समाधान आयोग र पोखरा महानगरपालिका विच भएको सम्झौता बमोजिम भूमिहिन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको स्थानीय तहबाट लगत संकलन सम्बन्धी कार्यविधि, २०७७ को दफा ३ (२) बमोजिम स्थलगत रुपमा तथ्यांक संकलन तथा नाप नक्साको काममा सहजीकरण गर्न तथा वडा समितिलाई आवश्यक सहयोग पुर्‍याउन देहाय बमोजिमको वडा स्तरीय भूमि सम्बन्धी समस्या समाधान सहजीकरण समिति गठन गर्ने प्रावधान अनुसार पत्र प्राप्त भएको मितिले ५ दिन भित्र तपसिल बमोजिमको नामावली सिफारीस गरी पठाईदिन हुन अनुरोध छ । यस सम्बन्धि विस्तृत जानकारीका लागी भूमि सम्बन्धि समस्या समाधान आयोग लगत संकलन ईकाई पो.म.न.पा वा फोन नं. ९८५६०३८००० ( शिबहरी शर्मा) मा सम्पर्क गर्न सकिनेछ ।

२०७७।०५।१६
महेश बराल
प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

तपशिल

क) वडा अध्यक्ष : अध्यक्ष

ख) वडा सदस्यहरु : सदस्य

ग) सम्वन्धित वडा अध्यक्षको सिफारिसमा स्थानीय तहका प्रमुख वा अध्यक्षले मनोनयन गरेको भूमि, आवास लगायत क्षेत्रमा काम गरिरहेका संघ संस्था वा नागरिक समाजका कम्तीमा एक महिला सहित दुई जना प्रतिनिधि : सदस्य

घ) वडा सचिव सदस्य : सचिव

लगत विवरण :

क) भूमिहीन तथा अव्यवस्थित बसोवासीको घंर परिवार संख्या :

| वडा नं. | जम्मा परिवार संख्या | भूमिहिन दलित परिवार संख्या | भूमिहिन सुकुम्वासी परिवार संख्या | अव्यवस्थित बसोवासी परिवार संख्या | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| सम्बन्धित वडा नं | | | | | | |

ख) भूमिहीन तथा अव्यवस्थित बसोबासीको वडागत स्थिती ( समस्या भएका प्रत्येक वडाको छुट्टा छुट्टै विवरण)

| सि.नं. | बस्ती वा टोलको नाम | घर परीवार संख्या | क्षेत्र * | **जग्गाको प्रकृति | अनुमानित क्षेत्रफल स्थानिय एकाई | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | ग्रामिण, शहरोन्मुख र शहरी क्षेत्र यथार्थ क्षेत्रको उल्लेख गर्ने | सि.नं १ देखी १५ सम्मको यथार्थ नं. लेख्ने | | |
| | | | | | | |
| | | | | | | |

पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की
गण्डकी प्रदेश

पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
न्युरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

*क्षेत्र : १ - ग्रामिण क्षेत्र , २ -शहरोन्मुख क्षेत्र, ३- शहरी क्षेत्र

** जग्गाको प्रकृति :

क) वितरण वा व्यबस्थापन गर्न सकिने जग्गा

१. आवाद लायक वा बसोवास योग्य ऐलानी जग्गा,

२. पर्ती , नदी उकास लगायतका बसोवास वा खेती योग्य अन्य सरकारी जग्गा

३. साविकको वन क्षेत्र जनिएको भएपनि आवादिमा परिणत भएको जग्गा

ख) वितरण वा व्यबस्थापन गर्न नसकिने जग्गा ( नकारात्कम सूचिको जग्गा)

४. धार्मिक सांस्कृतिक तथा सामरिक महत्वका क्षेत्र भित्रका जग्गा

५. प्राकृतिक प्रकोप, विपद व्यबस्थापन र वातावरण संरक्षणको दृष्टिबाट सुरक्षित गर्न आवश्यक देखिएको जग्गा

६. सार्वजनिक जग्गा

७. नदी,खोला वा नहर किनारको जग्गा

८. जोखिमयुक्त स्थानमा बसोवास गरिएको जग्गा

९. राष्ट्रिय निकुञ्ज वा संरक्षित क्षेत्रको जग्गा

१०. रुख विरुवाले ढाकिएको वन क्षेत्रको जग्गा

११. सडक सिमा भित्रका जग्गा

१२ नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको प्रयोगको लागि आवश्यक रहेको जग्गा

१३. कसैको निजि जग्गा

१४. स्थानीय तहको लागि आवश्यक जग्गा

१५. भूउपयोग क्षेत्र बर्गीकरण आवास वा कृषिको लागि उपलब्ध गर्न नसकिने जग्गा